पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८२।०९।१४ गते आ.ब. २०८२/८३ वैठक सङ्ख्याः- ८

**निर्णय नं. १:** अघिल्लो कार्यपालिकाको सम्पूर्ण निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएकोमा सोको समीक्षा गरियो।

**निर्णय नं. २ :** यस गाउँपालिकाको क्षेत्रबाट बग्ने सेदिखोलाबाट ढुङ्गा,गिट्टि बालुवा दहत्तर बहत्तर उत्खनन् तथा विक्री गर्ने प्रयोजनको लागि IEE गरी प्रतिवेदन पेस गर्ने जिम्मा पाएको परामर्शदाता श्री डब्लु.आर.सी. भरतपुर १० चितवनबाट पेश भएको IEE प्रतिवेदन स्वीकृत गरी सो प्रतिवेदनमा उत्खनन् तथा विक्री गर्न सिफारिस गरिएका स्थानहरुबाट ढुङ्गा,गिट्टि बालुवा दहत्तर बहत्तर उत्खनन् तथा विक्री गर्न आ.व.०८२/८३ का लागि ठेक्का आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :** सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको कानुनी व्यवस्था बमोजिम उपभोक्ता समितिबाट गरिने पूर्वाधारजन्य कार्यमा उपभोक्ताबाट साझेदार गर्ने व्यवस्था भएकोमा सामुदायिक विद्यालयमा गरिने पूर्वाधारजन्य कार्यमा साझेदारी गर्न नसकिने अवस्था सिर्जना भएकाले साझेदारी नगर्ने निर्णय गरियो।

**निर्णय नं.४:** गण्डकी प्रदेशको वार्षिक स्वीकृत कार्यक्रम अनुसार आ.व.०८२/८३ मा एकीकृत सेवा कार्यालय, कुश्मा पर्वतबाट कार्यान्वयन हुने यस पैयूँ गाउँपालिकाको वडा नं.६ स्थित कोसेली घरको पूर्वाधार निर्माणको लागि रु.३०,००,०००।(अक्षरेपि तीस लाख मात्र) रकम विनियोजन भएकोमा उक्त योजना यस गाउँपालिकाको स्वामित्वमा रहने गरी कार्यान्वयन गर्न कोसेली घर निर्माणको लागि पैयूँ गाउँपालिका वडा नं.६ स्थित सरौंखोला स्वास्थ्यचौकीको नाममा दर्ता श्रेष्ता कायम रहेको साविक सरौंखोला गा.वि.स. वडा नं.५ कि.न.५७४ क्षेत्रफल १-७-२-२ रहेको सार्वजनिक जग्गा प्रयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:** यस गाउँपालिकाले मिति २०८२।०५।११ गते प्रथम पटक,मिति २०८२।०६।०८ गते दोस्रो पटकर मिति २०८२।०७।१४ गते तेस्रो पटक मौज्दातमा रहेको ढुङ्गा,गिट्टी बालुवाको विक्री कर सङ्कलन गर्न सिलबन्दी दरभाउपत्र आह्वान गर्दा समेत कुनै पनि व्यवसायीबाट सिलबन्दी दरभाउ पत्र पेशहुन नआएको हुँदा "पैयूँ गाउँपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि २०८२" को दफा ५० को उपदफा ७ बमोजिम राजश्व परामर्श समितिको सिफारिस अनुसार गाउँपालिकाको ब्याक्हो लोडरबाट उठाइने हुदा सङ्कलित दहत्तरबहत्तरको प्रति घन मिटर ७५०।-(भ्याट सहित) का दरले अमानतबाट उक्त मौज्दातमा रहेको ढुङ्गा गिट्टी बालुवाको विक्रि कर सङ्कलन गर्ने निर्णय गरियो।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी

अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०९।१४ गते आ.ब. २०८२/८३ बैठक सङ्ख्याः- ८

**निर्णय नं. ६** : पैयूँ गाउँपालिकाको आ.व.०८२/८३ को वार्षिक स्वीकृत योजना अन्तर्गत "एक विद्यालय एक करेसाबारी कार्यक्रम" सञ्चालन गर्न विद्यालय छनौटका लागि प्रस्ताव आव्हान गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** : पैयूँ गाउँपालिकाको आ.व.०८२/८३ को वार्षिक स्वीकृत योजना अन्तर्गत "गोरु पाल्ने कृषकलाई प्रोत्साहन अनुदान" कार्यक्रम सञ्चालनका लागि तपसिलको मापदण्डमा प्रस्ताव आव्हान गर्ने निर्णय गरियो।

- प्रोत्साहन पाउने कृषकको कम्तीमा एक हलगोरु हुनुपर्ने ।
- प्रोत्साहन पाउने कृषकले न्यूनतम एकवर्ष गोरु बेच्न नपाउने ।

**निर्णय नं. ८**: पैयूँ गाउँपालिकाको वार्षिक स्वीकृत योजना "O & M सर्वे" कार्यक्रम सञ्चालनको बजेटको न्यूनता भएकाले वार्षिक स्वीकृत कार्यक्रम मध्यकालीन खर्च संरचना हाललाई सञ्चालन नगरी सोही बजेटसमेत गरी जम्मा रु ४,००,०००।- (अक्षरेपी चार लाख मात्र) मा "O & M सर्भे" कार्यक्रम सञ्चालनको प्रक्रिया तपसिल बमोजिमको समितिबाट अगाडी बढाउने र सो बजेट हिउँदे गाउँसभाबाट संशोधन गरी भुक्तानी गर्ने निर्णय गरियो।

तपसिलः

श्री जिवन गैरे, संयोजक (प्रमुख प्रशासकीय अधिकृत)

श्री अनिल कमल न्यौपाने, सदस्य (इन्जिनियर)

श्री सालिक रिजाल, सदस्य (आर्थिक प्रशासन शाखा प्रमुख)

श्री युवराज सुवेदी, सदस्य (लेखा अधिकृत)

श्री सम्जना आचार्य लामिछाने, सदस्य सचिव (प्रशासकीय अधिकृत)

**निर्णय नं. ९** : पैयूँ गाउँपालिकाको वार्षिक स्वीकृत योजना "महिला क्षमता विकास कार्यक्रम" मा कार्यक्रम सञ्चालन गर्न पैयूँ गाउँपालिका क्षेत्र भित्र रहेका आमा समुहबाट प्रत्येक एक जना प्रतिनिधि महिलालाई मादल बजाउने तालिम प्रदान गर्न सूचना प्रकाशन गर्ने सोही बमोजिम कार्यक्रम अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. १०** : पैयूँ गाउँपालिकाको प्रतीक चिन्ह निर्माणका लागि सूचना प्रकाशन गर्ने र अर्को कार्यपालिकामा छनौटगरी उत्कृष्ट प्रतीक चिन्ह प्रस्तावक (निर्माणकर्ता) लाई करसहित रु २५,०००।- (अक्षरेपि पच्चिस हजार मात्र) वार्षिक स्वीकृत कार्यक्रम "गाउँपालिकाको चिनो" शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

गौरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०९।१४ गते आ.ब. २०८२/८३ बैठक सङ्ख्याः- ८

निर्णय नं. ११ : पैयूँ गाउँपालिकाको वार्षिक स्वीकृत योजना अन्तर्गत "कृषकलाई प्रविधि हस्तान्तरण ५० प्रतिशत साझेदारी (कफि, अदुवा र बेसार)" कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान गर्ने निर्णय गरियो।

निर्णय नं.१२: पर्वत जिल्ला बास्केटवल संघलाई मागमा आधारित शीर्षकबाट रु.५००००।(अक्षरेपि पचास हजार मात्र) भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं.१३: पैयूँ गाउँपालिका वडा नं. ६ निवासी क्यान्सर रोगबाट पीडित दीर्घरोगी लिला कुमारी शर्मालाई लाभग्राही कायम गर्ने निर्णय गरियो।

निर्णय नं. १४ : पैयूँ गाउँपालिकाको वार्षिक स्वीकृत योजना अन्तर्गत "अकबरे खुर्सानी प्रबर्द्धन कार्यक्रम" सञ्चालनका लागि प्रस्ताव आव्हान गर्ने निर्णय गरियो।

निर्णय नं. १५ : पैयूँ गाउँपालिकाको वार्षिक स्वीकृत योजना अन्तर्गत सशर्त अनुदान तर्फको "रैथाने बाली प्रबर्द्धन कार्यक्रम" संचालनका लागि प्रस्ताव आव्हान गर्ने निर्णय गरियो।

निर्णय नं. १६ : पैयूँ गाउँपालिकाको वार्षिक स्वीकृत योजना अन्तर्गत सशर्त अनुदान तर्फ "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्ने" कार्यक्रम वडा नं. ६ र ७ मा संयुक्त रुपमा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. १७ : पैयूँ गाउँपालिकाको वार्षिक स्वीकृत योजना अन्तर्गत सशर्त तर्फको "आ.व. २०८१/०८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता" कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गर्ने निर्णय गरियो।

निर्णय नं. १८ : यस कार्यालयको सम्झौता बमोजिम SEV-MIS कार्यक्रमको लगत सङ्कलन कार्य सम्पन्न भईसकेकाले सोही बमोजिम कार्ड छपाउन गाउँपालिकाको कर्मचारीलाई खटाउने र प्रत्येक घरधुरीमा गई टास्ने कार्य हाल लगत सङ्कलन गरेका पढ्दै कमाउदै कार्यक्रम अन्तर्गतका गणकलाईनै खटाउने र प्रत्येक घरधुरीको रु ५० (अक्षरेपि पचास मात्र) विविध खर्च खाताबाट नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं.१९ : यस कार्यालयको मिति २०८२-०७-१७ को कार्यपालिकाको निर्णयानुसार वडागत विद्युत उपसमितिको प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा आवश्यक छलफल गर्दा यस पैयूँ गाउँपालिका क्षेत्रभित्र विद्युत सेवा उपभोग गर्ने विभिन्न घरधनिले विद्युत बाँकी बक्यौता बुझाउन बाँकी रहेको हुँदा २०८२ पौष मसान्तभित्र उक्त बक्यौता रकम बुझाउनका लागि र सो म्याद भित्र नबुझाउने घरधनिलाई बिद्युतिकरणको सुविधाबाट बञ्चित गर्ने गरी सूचना प्रकाशन गर्नुहुन भनि सर्वदलीय बैठकको सुझाव तथा निर्णय बमोजिम सूचना प्रकाशन गर्ने निर्णय गरियो।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ढुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

...रण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०९।१४ गते　　　　　　　　　　　आ.ब. २०८२/८३ बैठक सङ्ख्याः- ८

**निर्णय नं. २०**: जिल्ला खेलकुद विकास समिति पर्वतद्वारा आयोजित जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा गाउँपालिका स्तरीय रनिङ शिल्ड प्रतियोगिताबाट छनोट भएका विभिन्न विद्यालयका कुल ६८ जना विद्यार्थी र ७ जना अफिसियलको रुपमा कुश्मा पर्वतमा सहभागिताको लागि पठाउन गाउँपालिकाको आ.व.०८२/८३को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विनियोजित बजेट रु.८०००००।बाट नपुग हुने भएकोले शिक्षा शाखाबाट पेश भई आएको प्रस्तावका लागि नपुग हुने रकम मागमा आधारमा शीर्षकबाट भुक्तानी हुने गरी प्रस्ताव स्वीकृत गरियो।

**निर्णय नं.२१**ः पैयूँ गाउँपालिकाको कार्यालयमा कार्यरत करारका कर्मचारीहरुलाई पैयूँ गाउँपालिकामा करारमा प्रविधिक कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि २०७४ को दफा ८ उपदफा ५ बमोजिम सबै कर्मचारीहरुको कार्य सम्पादन सन्तोषजनक रहेकाले मिति २०८२ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं.२२**ः पैयूँ गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम IFB No.PRM/NCB/G/M/PAR/05/2082-83 बमोजिमको ठेक्का गाउँपालिका र हिमसागर मेडिकलहल प्रा.लि. बीचको सम्झौतामा २०८२/१०/०२ गते सम्मको म्याद रहेकोमा ठेक्काको केही आइटमहरु बजारमा अभाव भएकोले म्यादथप गरिपाउँ भनी पेस भइ आएको निवेदन माथि आवश्यक छलफल गर्दा ८० प्रतिशत औषधी उपलब्ध भई सकेको र थप एक महिना भित्र अपुग औषधी ल्याउने प्रतिवद्धता गरेकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६को उपदफा २ बमोजिम ठेक्काको म्याद २०८२/१०/२९ गते सम्म थप गर्ने निर्णय गरियो।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष